स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
लुम्बिनी प्रदेश
मुकामः बुटवल, नेपाल

# कोभिड-१९ सञ्चार माध्यम निगरानी (Media monitoring)
## स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
## लुम्बिनी प्रदेश

**मितिः आषाढ २०, २०७८ (जूलाई ४, २०२१)**
**बुटवल, रुपन्देही**

**कोभिड -१९ सम्बन्धी प्रमुख जानकारी**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य निर्देशनालय, लुम्बिनी प्रदेशको आषाढ १९ गतेको तथ्याङ्कका आधारमा यस प्रदेशमा कुल ९८४२९ जनामा कोभिड-१९ संक्रमण पुष्टि भएको छ। प्रदेशमा यो हप्ता कुल सक्रिय संक्रमित १२२० रहेको र यो अघिल्लो हप्ताको तुलनामा जम्मा सात प्रतिसतले मात्र कम रहेको तथ्याङ्कले देखाएको छ। यो हप्ता रुपन्देही (३०६) बाहेकका सबै जिल्लामा २०० भन्दा कम सक्रिय संक्रमित रहेका छन्। गत २४ घण्टामा सबै भन्दा धेरै पाल्पा जिल्लामा, ४६ जना नयाँ संक्रमित थपिएका छन्। हालसम्म प्रदेशमा १,९३२ जनाको मृत्यु भएको छ र पछिल्लो २४ घण्टामा जम्मा ४ जनाको मृत्यु भएको छ। हाल २३३ जना संक्रमितहरु प्रदेशका विभिन्न अस्पतालहरुमा उपचाररत छन्। गत चार हप्ताको तथ्याङ्क हेर्दा अस्पताल भर्ना हुने संक्रमितहरुको सङ्ख्यामा अपेक्षित रुपमा कमी भएको छैन।

- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आषाढ १८ गते एक विज्ञप्ति जारी गर्दै नेपाल सरकारबाट चीनको बेइजिङस्थित सिनोफार्म कम्पनीसँग खोप खरिदको सम्झौता भएको जनाएको छ। असार २४ गतेबाट खोप आपूर्ति सुरु भइ साप्ताहिक रुपमा विभिन्न चरणमा खोप आपूर्ति गर्ने तयारी भएको मन्त्रालयले जनाएको छ। त्यसैगरी कोभ्याक्स फ्यासिलिटीबाट समेत छिट्टै थप खोप प्राप्त गरी कोभिड-१९ विरुद्धको खोप कार्यक्रमको विस्तार हुने बताएको छ। नेपाल वायु सेवा निगमका तीन उडानमा ३० लाख मात्रा खोप ल्याउन जहाज चीन पठाउने निर्णय भएको जानकारी निगमले गराएको छ । (स्रोतः कान्तिपुर दैनिक, आषाढ १८ र १९, २०७८)

- नेपालमा म्युकरमाइकोसिस (कालोढुसी) संक्रमण भएका मध्ये हालसम्म चार जनाले कालोढुसीका कारण एउटा आँखाको दृष्टि गुमाइसकेका छन्। ढुसीले आँखाको दृष्टि नाडीमा असर गर्ने हुँदा सुरुमै उपचार भएमा आँखाको दृष्टि गुम्न पाउँदैन। ढुसीको संक्रमणले कतिपयको दुवै आँखाको दृष्टि नष्ट हुने सम्भावना रहेको कालोढुसीको उपचारमा संलग्न चिकित्सकहरुले उल्लेख गरेका छन्। कालोढुसीको उपचारमा प्रयोग हुने प्रमुख औषधी, लिपोजोमल एम्फोटेरिसिन बी, भारतले निर्यातमा रोक लगाएसंगै नेपालमा चरम अभाव भएको त्रि. वि. शिक्षण अस्पतालको कालोढुसी व्यवस्थापन समितिले जनाएको छ। यो औषधीको बिकल्पमा अहिले डीओक्सिकोलेट र पोसाकोनाजोल प्रयोग गर्दै आइरहेको बताएका छन् र यी औषधी अहिले नेपाल सरकारसंग अस्पतालहरुलाई उपलब्ध गराउनको लागि मौजाद नभएको समेत जनाईएको छ। (स्रोतः द काठमाडौं पोस्ट, आषाढ १४, २०७८ र नागरिक दैनिक, आषाढ १९, २०७८)

- कोभिड-१९ संक्रमण फैलिएसँगै स्वास्थ्य सेवा लिन सबैभन्दा बढी कठिनाई गर्भवती र सुत्केरी महिलालाई भएको स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाले जनाएको छ। विभागका अनुसार २०७६ चैतदेखि २०७७ असोजसम्म देशभरका १३४ जना गर्भवती तथा सुत्केरी महिलाको मृत्यु भएको छ। बन्दाबन्दीका कारण यातायात बन्द हुँदा गर्भवती र सुत्केरी महिलाको स्वास्थ्यमा बहुआयामिक असर सँगै समयमै उपचार पाउन नसक्दा उनीहरूले अकालमा ज्यान गुमाउन परेको छ। सन् २०३० सम्म मातृ मृत्युदर प्रतिलाख ७० जनामा झार्ने लक्ष्य प्राप्तिका लागि सरकारले २०७५ पुस महिना देखि दुर्गम भेगका स्वास्थ्य जोखिममा परेका गर्भवती, सुत्केरी महिलाको निःशुल्क हवाई उद्धार गर्ने कार्यक्रम लागु गरेको हो। हवाई उद्धार सेवाका लागि लुम्बिनी प्रदेशको रुकुम पूर्व जिल्ला पूर्ण समेटिएको छ। निःशुल्क हवाई उद्धार गर्ने कार्यक्रम लागु भएता पनि कोभिड-१९ महामारीमा समयमै उद्धार नहुँदा धेरै जसो स्वास्थ्य समस्या भएका गर्भवती तथा सुत्केरीको बाटो अथवा उपचारकै क्रममा मृत्यु भएको छ। (स्रोतःकान्तिपुर दैनिक, आषाढ १५, २०७८) https://ekantipur.com/news/2021/06/29/162492774421931093.html



हवाई उद्धारले नटरेको मातृमृत्यु

470 SHARES संग्रह

नेपाली सेनाको हेलिकप्टरमार्फत अछाममा गर्भवतीको उद्धार हुँदै । फाइल तस्बिर

असार १५, २०७८ | वसन्तप्रताप सिंह, कृष्ण अधिकारी

कोरोना महामारी र लकडाउनको ७ महिनामा दुर्गम भेगका १३४ गर्भवती तथा सुत्केरीले उपचार अभावमा ज्यान गुमाए

- पछिल्लो समय नेपालको तुलनामा भारतमा कोभिड-१९ को संक्रमण दरमा कमि देखिएको छ। भारतको स्वास्थ्य एवं परिवार कल्याण मन्त्रालयको जून २८ को तथ्याङ्कका अनुसार त्यहाँ कोभिड-१९ को संक्रमण दर २.९४ प्रतिशत र निको हुने दर ९६.८ प्रतिशत देखिएको छ। नेपालमा भने सोहि दिनको पीसीआर परीक्षणको संक्रमण दर २२.६९ प्रतिशत छ (नेपालमा एक सातायको औसत संक्रमण दर २० प्रतिशत हाराहारी)र निको हुने दर ९२.६ प्रतिशत रहेको छ। यो तथ्याङ्कले भारतभन्दा नेपालमा सात गुणा बढी कोरोना संक्रमण दर रहेको देखाउँछ। विगतमा भारतमा देखिएको संक्रमणको अवस्था, प्रभाव र जटिलताका आधारमा नेपालमा रणनीति बनाउने गरिए पनि अब त्यसो गर्न उचित नहुने विज्ञहरूले बताएका छन्। त्यसैगरि भारतमा कोभिड-१९ विरुद्धको खोप धेरैले लगाइसकेकाले पनि जोखिमको अवस्था उस्तै नरहेको उनीहरूको भनाइ छ। (स्रोतः कान्तिपुर दैनिक, आषाढ १५, २०७८)
- सरकारले कोभिड-१९ महामारीलाई नियन्त्रण गर्नकालागि जारी गरेको निषेधाज्ञा खुकुलो हुँदै आषाढ १४ देखि सार्वजनिक यातायात जोर बिजोरमा सञ्चालनमा आएका छन्। (स्रोतः रातोपाटी, आषाढ १५, २०७८)
- कोभिड-१९ महामारीको दोस्रो लहरमा संक्रमण दर उच्च रहेकै बेला अत्यावश्यक सेवाअन्तर्गत पर्ने बिमा कम्पनीले कोरोना बिमाको दाबी भुक्तानी रोकेका छन्। सरकारले दिनुपर्ने रकम नआउँदा बिमितले दाबी गरेको भुक्तानी रोक्नु परेको कम्पनीले बताएका छन्। संक्रमित भएपछि आफुले पाउनुपर्ने बिमा रकम नपाउँदा औषधी उपचार गर्न अप्ठ्यारो परेको र यसले बिमाप्रतिको विश्वास पनि गुमेको बिमितको गुनासो छ। (स्रोतः कान्तिपुर दैनिक,

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
लुम्बिनी प्रदेश
मुकामः बुटवल, नेपाल

आषाढ १७, २०७८)

## प्रादेशिक खबरहरु


भीम अस्पतालमा सुदृढ अप्रेसन कक्ष सञ्चालनमा

कृष्ण गाउँले प्रकाशित मिति : आइतवार, असार १३, २०७८



१३ असार, भैरहवा । रूपन्देहीको सिद्धार्थनगरस्थित भीम अस्पतालमा सुविधा सम्पन्न अप्रेसन कक्ष संचालनमा आएको छ । उक्त कक्षको आइतबार एक कार्यक्रमका बिच लुम्बिनी प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री भोजप्रसाद श्रेष्ठले आइतबार उद्घाटन गरे । सो कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले अन्य कुरा भन्दा मानवको उपचार पहिलो रहेको

- लुम्बिनी प्रदेशका माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री भोजप्रसाद श्रेष्ठले आषाढ १३ गते रूपन्देहीको सिद्धार्थनगरस्थित भीम अस्पतालमा सुविधा सम्पन्न अप्रेसन कक्षको उद्घाटन गर्नु भएको छ। सो कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले ठुला विकासका योजनाको भन्दा पनि सानो रकमले परिणाममुखी, गुणस्तरीय सेवा दिएर मानवको उपचार गर्नु पर्ने बताउनु भएको छ। (स्रोतः स्वास्थ्यपत्र, आषाढ १३, २०७८)
- कोभिड-१९ विरुद्धको खोप अनिवार्य लगाउन पाउनुपर्ने लगायतका विभिन्न ३४ सूत्रीय माग राख्दै नेपाल शिक्षक महासंघको आयोजनामा गुल्मीका १२ र अर्घाखाँचीका ६ स्थानीय तहमा शिक्षकले ३ घण्टा धर्ना दिएका छन्। विद्यालयमा सयौंको संख्यामा विद्यार्थी र शिक्षक सहभागी हुने हुँदा कोभिड-१९ संक्रमण फैलिने डर भएकाले स्कुल सञ्चालन गर्नुपूर्व कोभिड-१९ विरुद्धको खोप अनिवार्य लगाउनुपर्ने माग शिक्षकहरुले राखेका छन्। (स्रोतः कान्तिपुर दैनिक, आषाढ १८, २०७८)


खोप खोइ ?

रोकियो वैदेशिक रोजगार, कैयौं अलपत्र

- कोरोनाका कारण भारतमा काम गर्ने होटल तथा अन्य व्यवसायहरु बन्द भएपछि प्रदेशका विविन्न जिल्लाहरुबाट भारतमा रोजगारीका लागि जाने निम्न तथा अति निम्न वर्गका परिवारहरुमा दैनिक घर खर्च चलाउन गाह्रो भएको पाईएको छ। (स्रोतः कान्तिपुर दैनिक, आषाढ १८, २०७८)
- प्रदेशका विभिन्न जिल्लाहरुका युवाहरु भिसा हातमा भएता पनि खोप लगाउन नपाएका कारण वैदेशिक रोजगारीका लागि खाडी लगाएतका देशहरुमा जान बाट वञ्चित भएका छन्। कपिलवस्तु जिल्लामा मात्रै ३० जनाभन्दा बढी कामदार अहिले खोपकै कारण खाडी मुलुक जानबाट वञ्चित भएका छन्। खाडीका मुलुकले खोप लगाएका कामदार मात्रै लैजाने आदेश जारी गरेपछि नेपाली श्रमिकहरुलाई मर्का परेको हो। सरकारले वैदेशिक रोजगारीमा जानेलाई खोप लगाउन पाउने प्राथमिकतामा नराखेको कारणले पाएको रोजगारी समेत गुम्ने अवस्था आएको श्रमिकहरु बताउछन्। (स्रोतः कान्तिपुर दैनिक, आषाढ १९, २०७८)
https://ekantipur.com/news/२०२१/०७/०३/१६२५२७३४२४५३७६९६९७.html

## अन्तर्रास्ट्रिय विषयबस्तुहरु

- भारतको स्वास्थ्य सम्बन्धी राष्ट्रिय प्राविधिक सल्लाहकार समूहले गर्भवतीहरूलाई पनि कोभिड-१९ विरुद्धको खोप लगाउन सिफारिस गरेको भारतीय स्वास्थ्य मन्त्रालयले जनाएको छ। अहिलेसम्म गर्भवतीहरूलाई खोप नलगाउन सल्लाह दिइएको थियो। तर अब नयाँ नियमअनुसार कुनै पनि समयको गर्भवती महिलाले खोप

लगाउन सक्नेछन्। (स्रोतः हेल्थपोस्ट नेपाल, आषाढ १९, २०७८ र भारतको मेरी सरकारको आधिकारिक वेबसाईट)
https://transformingindia.mygov.in/covid१९/pregnant-women-now-eligible-for-covid-१९-vaccination/

## भिड-१९ खोप सम्बन्धि जानकारी

- २८ जुनमा प्रकाशित भएको अक्सफोर्ड युनिभर्सिटीले गरेको अध्ययनको नतिजा अनुसार, अक्सफोर्ड युनिभर्सिटीले एस्ट्राजेनेका कोभिड–१९ विरुद्धको खोपको पहिलो र दोस्रो मात्राको अन्तर ४५ साता (१० महिना) राख्दा प्रभावकारी हुने देखिएको छ। दोस्रो मात्रा लगाएको छ महिनापछि बुस्टरको रुपमा तेस्रो मात्रा दिँदा प्रतिरोधी क्षमता थप वृद्धि हुने अध्ययनमा पाइएको छ। बुस्टरको रुपमा दिइएको तेस्रो डोज खोपले कोरोनाका नयाँ भेरियन्टको संक्रमण नियन्त्रणका लागि पनि सहयोग पुग्ने र प्रतिरोधी क्षमता अझै बढाउने उक्त अध्ययनले जनाएको छ। (स्रोतः अनलाईन खबर, आषाढ १५, २०७८) https://www.onlinekhabar.com/२०२१/०६/९७६१०९

## Recommendations:

- ❖ अपेक्षित रुपमा संक्रमणदर, अस्पतालमा भर्ना हुने दरमा कमी नभएकाले बसपार्क, हाट बजार आदि जस्ता मानिसको भिडभाड बढि हुने ठाउँहरुमा अनुगमन गरि जोखिम सञ्चारका कार्येक्रम सञ्चालन गर्दै अनिवार्य रुपमा जनस्वास्थ्यका मापदण्डहरु पालना गर्न गराउन पहल गर्नु पर्ने।
- ❖ बाढी पहिरो प्रभावित क्षेत्रमा कोरोना संक्रमण वा कोरोना लक्षणहरु देखापरेकोमा आइसोलेसनमा बसिरहनु भएकाहरुले ध्यान दिनुपर्ने कुराहरु;
  - बाढी पहिरोबाट विस्तापित हुनु परेमा अस्थायी बसोबास स्थलमा समेत आफुलाई अलगै राख्ने
  - अस्थायी बसोबास स्थलमा सामुहिक रुपमा बस्नु परेमा अरुलाई आफ्नो सम्पर्कमा आउन नदिने
  - आफुले प्रयोग गरेका भाँडाकुँडा, कपडा र अन्य सामग्री छुट्टै राख्ने
  - संधै मास्क लगाएर र भौतिक दुरी कायम गरेर बस्ने, बेलाबेलामा साबुन पानी ले हात धोइरहने
  - सम्भव भए सम्म छुट्टै शौचालय प्रयोग गर्ने र आफुले प्रयोग गरेपनि सफा राख्ने
  - अन्य संक्रामक रोगहरुबाट बच्न खाने कुरा पकाएर खाने र पानी उमालेर मात्र पिउने

थप जानकारीका लागि सम्पर्क

**डा. पुष्पराज पौडेल**
प्रवक्ता एवं सूचना अधिकारी
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, लुम्बिनी प्रदेश
drprpoudel@gmail.com

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
लुम्बिनी प्रदेश
मुकामः बुटवल, नेपाल